वर्ष १ अंक ३ श्रावण २०७४

# मैत्री बुलेटीन

मासिक

**भारतको स्वतन्त्रता दिवसको शुभ-अवसरमा नेपाल-भारत मैत्री संघ परिवार भारत र भारतीय जनताको उन्नति, प्रगति, सुख, समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।**



भारतको ७१ औं स्वतन्त्रता दिवस मनाउने क्रममा नेपालका लागि भारतीय राजदूत महामहिम श्री मन्जीव सिंह पुरीज्यूसँग ने.भा.मै. संघका केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यू भारतीय राजदूतावास लैनचौर, काठमाण्डौमा ।

## मनोनयन :

नेपाल-भारत मैत्री संघको केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यूबाट केन्द्रीय कार्यसमितिको उपाध्यक्षमा श्री शेखर गिरि तथा सदस्यहरुमा श्री गोविन्द बहादुर क्षेत्री, श्री पुष्पा के.सी. भण्डारी र श्री साधु शरण पूर्वेज्यूलाई मनोनयन गर्नुभयो ।

## केन्द्रीय कार्यसमितिको बैठक:

श्रावण महिनामा १ वटा केन्द्रीय कार्य समितिको बैठक सम्पन्न गरेको छ ।

## सम्पादन समितिको बैठक:

श्रावण महिनामा २ वटा सम्पादन समितिको बैठक सम्पन्न गरेको छ ।

## भारतीय राजदूतावाससँग सम्पर्क तथा भेटघाट:

१. भारतको ७१ औं स्वतन्त्रता दिवसको शुभ-अवसरमा भारतीय राजदूतावास, लैनचौर, काठमाण्डौद्वारा ११ अगस्ट, २०१७ का दिन माननीय विदेशमन्त्री श्री शुष्मा स्वराज र नेपालका सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको उपस्थितिमा आयोजित विशेष समारोहमा संघका केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यूको सहभागिता ।

२. भारतको स्वतन्त्रता दिवसको शुभ-अवसरमा मिति २०७४ श्रावण ३१ गते तदनुसार १५ अगस्ट, २०१७ का दिन भारतीय राजदूतावास, लैनचौर, काठमाण्डौद्वारा आयोजित झण्डोत्तलन कार्यक्रममा संघका केन्द्रीय अध्यक्षज्यू लगायत केन्द्रीय पदाधिकारी, सदस्य तथा आजीवन सदस्यहरुको सहभागिता ।

**केन्द्रीय कार्यसमितिको तेश्रो बैठक कार्तिकको तेश्रो साता भारतको नयाँ दिल्लीमा हुन गइरहको व्यहोरा जानकारी गराईन्छ ।**

**नोट**:
सबै जिल्ला शाखा र उपशाखाहरुमा विनम्र निवेदन छ । आ-आफ्नो सम्पन्न गरिएका कार्यक्रम समाचार तथा तत् सम्बन्धि फोटो तथा यस बुलेटिन सम्बन्धि राय सुझावहरु यथाशिघ्र नेपाल भारत मैत्री संघको कार्यालयमा उपलब्ध गराई दिनुहोला ।

नेपाल - भारत मैत्री अमर रहोस्
**नेपाल-भारत मैत्री संघ**
केन्द्रीय कार्यसमिति, काठमाडौं
फोन नं. ०१-४४९८७९४, फयाक्स: ४४६१८६३
E-mail: nifanepal2038@gmail.com

# दोश्रो कार्यसमितिको बैठक सम्पन्न

**नेपाल–भारत मैत्री संघ**को दोश्रो कार्यसमितिको बैठक २०७४ श्रावण ६ र ७ गते ललितपुरको गोदावरीस्थित होटल भ्यू भृकुटीमा सम्पन्न भएको छ । बैठकको अध्यक्षता संघका केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यूले गर्नुभएको थियो । बैठकमा संघका महासचिव श्री श्रीप्रसाद कोइरालाज्यूले भावी कार्यक्रमको विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै संस्थाको प्रशासनिक नियमावली समेत प्रस्तुत गर्नुभएको थियो । संघका कोषाध्यक्ष डा. श्रीराम बाँस्कोटाज्यूले आर्थिक नियमावली प्रस्तुत गर्नुका साथै आ.व. २०७४/०७५ को अनुमानित १,१६,९२,०००।०० रकमको आय–व्यय विवरणसहितको बजेट प्रस्तुत गर्नु भएको थियो । बैठकमा कार्यसमितिका ४१ जना (८६ प्रतिशत) पदाधिकारी तथा सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।









नेपाल–भारत मैत्री संघको दोश्रो कार्यसमितिको बैठकमा उपस्थित केन्द्रिय पदाधिकारी तथा सदस्यज्यूहरु

# Celebration of Independence Day of India

## फलफूल वितरण कार्यक्रम सम्पन्न

नेपाल-भारत मैत्री संघ, केन्द्रीय कार्यसमितिको आयोजनामा मित्र राष्ट्र भारतको ७१ औं स्वतन्त्रता दिवसको शुभ-अवसरको पूर्व सन्ध्यामा श्रावण ३० गते तदनुसार १४ अगस्त, २०१७ मा संघका केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यू, वरिष्ट उपाध्यक्ष श्री तुलबहादुर साउद, उपाध्यक्षहरु श्री विष्णु प्रसाद सापकोटा (साइराम), श्री शेखर गिरि, महासचिव श्री श्रीप्रसाद कोइराला, कोषाध्यक्ष डा. श्रीराम बाँस्कोटा, सचिव श्री किरणराज रेग्मी, सहसचिव श्री सुमन सुवाल, सहकोषाध्यक्ष श्री निरज ढकाल, सदस्य श्री सुरेन्द्र प्रसाद मैनाली तथा पूर्व सल्लाहकार श्री रुद्रनाथ बस्यालज्यूको उपस्थितिमा बाल सारथी एकेडेमी, देवपतन, काठमाण्डौका ८० भन्दा धेरै अनाथ बालबालिकाहरुलाई फलफूल तथा विस्कुट वितरण गर्ने कार्य सम्पन्न गरेको छ ।




भारतको स्वतन्त्रता दिवसको शुभ-अवसरमा संघका केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यूबाट काठमाण्डौको जयबागेश्वरीस्थित बालसारथी एकेडेमीका अनाथ बालबालिकाहरुलाई फलफूल वितरण गर्नुहुदै ।





# Celebration of Independence Day of India

## शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न

नेपाल-भारत मैत्री संघ, केन्द्रीय कार्यसमितिको आयोजनामा संघको केन्द्रीय कार्यालयको सभाकक्षमा एक समारोहको आयोजना गरी मित्र राष्ट्र भारतको ७१ औं स्वतन्त्रता दिवसको शुभ-अवसरको पूर्व सन्ध्यामा श्रावण ३० गते तदनुसार १४ अगस्त, २०१७ मा शुभकामना  आदान-प्रदान कार्यक्रम सम्पन्न भयो । संघका केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यूको सभापतित्वमा आयोजित कार्यक्रममा संघका उपाध्यक्ष श्री शेखर गिरिज्यूले स्वागत मन्तव्य दिनुभएको थियो । कार्यक्रममा संघका पूर्व संयोजक श्री बेटी बज्राचार्यज्यूले कविता वाचन गर्नुभएको थियो । ने.भा.मै. संघ पाल्पा जिल्ला शाखाका अध्यक्ष श्री कृष्णप्रसाद श्रेष्ठज्यूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । संघका केन्द्रीय उपाध्यक्ष श्री विष्णु प्रसाद सापकोटा (साइराम)ज्यूले कार्यक्रममाथि प्रकाश पार्दै दुई देश बीचको मित्रतालाई मजबुत बनाउन नेपाल-भारत मैत्री संघ सदैव अग्रसर रहने कुरा समेत व्यक्त गर्नुभयो । संघका वरिष्ट उपाध्यक्ष श्री तुलबहादुर साउदज्यूले मित्र राष्ट्र भारतको स्वतन्त्रता दिवसको उपलक्ष्यमा भारत सरकार र भारतीय जनताहरुको उत्तरोत्तर प्रगति र सम्बृद्धिको कामना गर्नुहुँदै उपस्थित सम्पूर्ण महानुभावहरुलाई गरिमामय उपस्थितिको लागि धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रमका सभापति तथा संघका अध्यक्ष श्री राजकुमार सिन्धीज्यूले भारतको स्वतन्त्रता दिवसको शुभ-अवसरमा नेपाल र भारतबीचको सह-सम्बन्ध आउँदा दिनमा अरु विकसित हुँदै नयाँ नयाँ क्षेत्रमा विस्तार हुँदै आपसी हित र उन्नतिका क्षेत्रमा कार्य गर्ने वातावरण सृजना हुने र त्यस कार्यको लागि सम्पूर्ण साथीहरुको सहयोग र सुझावको अपेक्षा राख्दै भारत सरकार र भारतीय जनताको समृद्धि र समुन्नतिको शुभकामना व्यक्त गर्नुहुँदै कार्यक्रमको समापन गर्नुभयो । कार्यक्रममा निवर्तमान अध्यक्ष श्री ओम प्रकाश सरावगीज्यू, उपाध्यक्ष श्री अरुण कुमार सिंह, सदस्यहरु श्री माधव प्रसाद तिमल्सिना, श्री साधुशरण पूर्वे, श्री ध्रुव प्रसाद दाहाल लगायत पूर्व सल्लाहकार, जिल्ला शाखा/उपशाखाका पदाधिकारी तथा सदस्यज्यूहरु र आजीवन सदस्यज्यूहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन संघका महासचिव श्रीप्रसाद कोइरालाज्यूले गर्नुभएको थियो ।











## जिल्ला शाखा/उपशाखाहरुद्धारा सम्पन्न कार्यक्रम

भारतको ७१ औँ स्वतन्त्रता दिवसको शुभ–अवसरमा नेपाल–भारत मैत्री संघ, सर्लाही जिल्ला शाखाद्वारा मिति २०७४ श्रावण ३१ गते तदनुसार १५ अगस्ट, २०१७ का दिन विशेष कार्यक्रमको आयोजना गरेको छ । संघका निवर्तमान जिल्ला अध्यक्ष श्री रामदेव ठाकुरज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता योजना आयोगका पूर्व सदस्य डा. अब्दुल रहिमज्यूले गर्नुभएको थियो । ज्ञात–अज्ञात सहिदहरुको सम्झनामा १ मिनेट मौन धारण गरी सुरु भएको कार्यक्रममा नागरिक समाजका अध्यक्ष श्री उग्रकान्त झा, महासचिव श्री शिवचन्द्र चौधरी, सर्लाही क्याम्पसका प्राचार्य श्री हिरालाल पण्डित, वकिल मुद्रिका प्रसाद सिंह, संघका केन्द्रीय सदस्य तथा जिल्ला सचिव श्री गजेन्द्र प्रसाद गुप्ता (गणेश), जिल्ला कोषाध्यक्ष श्री जयनारायण महतो ज्यू, लगायत समाजसेवी तथा आजीवन सदस्यहरुको उपस्थिति रहेको थियो ।



भारतको ७१ औं स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा नेपाल-भारत मैत्री संघ, कपिलवस्तु जिल्ला शाखाद्वारा मिति २०७४ श्रावण २८ गते संघका जिल्ला अध्यक्ष श्री अनिरुद्ध प्रसाद उपाध्यायज्यूको अध्यक्षता तथा कपिलवस्तु नगरपालिकाका उपमेयर लक्ष्मी कसौधनज्यूको प्रमुख आतिथ्यता र समाजसेवीहरु श्री नारायण बहादुर सिंह, श्री तेजकुमार बौद्धाचार्य एवं श्री कैलाश नायकज्यू समेतको आतिथ्यतामा शुभकामना समारोह कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमका सभापति तथा संघका जिल्ला अध्यक्षज्यूबाट मैनबत्ती बाली कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा अतिथिहरु श्री गिरिजेश शरण चौधरी, श्री कैलाश नायक र श्री नारायण बहादुर सिंहज्यू लगायतले शुभकामना मन्तव्य दिनुभएको थियो । जिल्ला उपाध्यक्ष श्री बसन्त कुमारी सिंहज्यूको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा जिल्ला सभापति श्री अनिरुद्ध प्रसाद उपाध्यायज्यूले भारतका सम्पूर्ण जनताको उन्नति, प्रगति, सुख, समृद्धि एवं दीर्घायुको कामना गर्नुभएको थियो । कार्यक्रमको संचालन जिल्ला सहसचिव श्री ओम प्रसाद मिश्रज्यूले गर्नुभएको थियो ।



नेपाल-भारत मैत्री संघ, गितानगर उपशाखा, चितवनको आयोजनामा भरतपुर नगरपालिका वडा नं. ६ मा स्थानीय निर्वाचनमा निर्वाचित हुनु भएको ने.भा.मै. संघका ५ जना आजीवन सदस्यहरुलाई मध्यमाञ्चल उपाध्यक्ष श्री विष्णुप्रसाद सापकोटा (साइराम)को प्रमुख आतिथ्यतामा बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न भयो ।



नेपाल-भारत मैत्री संघ जिल्ला शाखा पाल्पाले मिति २०७४ श्रावण १६ गते स्थानीय तहको निर्वाचनमा विजयी मैत्री संघमा आबद्ध आजीवन सदस्यहरुलाई बधाई तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ । संघका जिल्ला शाखा अध्यक्ष श्री कृष्णप्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख आतिथ्यता संघका केन्द्रीय सदस्य श्री धानिश्वर बस्यालज्यूले गर्नुभएको थियो । मैत्री संघको कार्यालय बिशालबजारमा भएको उक्त सम्मान कार्यक्रममा केन्द्रीय सदस्य श्री धानिश्वर बस्यालज्यूले बगनासकाली गाउँपालिकाको अध्यक्षमा निर्वाचित मैत्री संघका जिल्ला शाखा उपाध्यक्ष श्री कृष्ण प्रसाद बस्याल, रामपुर नगरपालिका वडा नम्बर १ का वडाध्यक्षमा निर्वाचित आजीवन सदस्य श्री मित्रलाल कडेंल, निस्दि गाउँपालिका ५ गल्धाका वडा सदस्य निर्वाचित श्री दुर्गा बहादुर सोमैलाई ढाकाको खादा तथा अविर लगाई बधाईका साथ सम्मान गर्नुभएको थियो । मैत्री संघको १० औं बैठकका अवसरमा भएको सम्मान कार्यक्रममा बोल्दै संघका केन्द्रीय सदस्य धानिश्वर बस्यालज्यूले नेपाल-भारत मैत्री संघले पर्यटनलाई प्राथमिकता दिएर नेपालमा कार्यक्रम गर्न लागेकोले पाल्पाको रानीमहल, रुरु क्षेत्रलाई जोडेर पाल्पामा कार्यक्रम ल्याए समग्र पाल्पालीको हितमा हुने बताउनुभयो । साथै मैत्री संघको केन्द्रीय कार्यालयले मासिक बुलेटिन प्रशासन गर्न थालेको कुरा समेत जानकारी गराउनु भयो । कार्यक्रमको सञ्चालन सचिव श्री नारायण कार्कीज्यूले गर्नुभएको थियो ।



